Regd. No. 38467/062/063
PAN: 302087624

# Ngadi Group Power Ltd.
# ङादी ग्रुप पावर लि.

च.नं. ३८/०८०-८१

मिति २०८०/०९/०३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
युएनआई शान्ती मार्ग, भद्रकाली, काठमाण्डौं ।

विषय : जानकारी गराएको बारे ।

महोदय,

उपरोक्त विषयमा यस ङादी ग्रुप पावर लिमिटेड कम्पनीको मिति २०८०/०९/०२ गते अपरान्ह ३:०० बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आ.व.२०७९/८० को वार्षिक साधारण सभा मिति २०८०/०९/२५ गते (तदनुसार जनवरी १०, २०२४) गर्ने निर्णय भएको तथा बार्षिक साधारण सभाका लागि मिति २०८०/०९/१२ गते विहिबार बुकक्लोज मिति तोक्ने निर्णय भएको व्यहोरा अनुरोध छ । साथै सो सूचना मिति २०८०/०९/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

........................................
कम्पनी सचिव

बोधार्थ
श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री विद्युत नियमन आयोग,
सानोगौचरण, काठमाण्डौं ।

श्री प्रभु क्यापिटल लिमिटेड,
कमलादी, काठमाण्डौं ।

Kathmandu, Nepal, Tel: +977-1-5705159, 5705608, Website: www.ngpl.com.np, E-mail: nyadigroup06@gmail.com

# ङादी ग्रुप पावर लि.

केन्द्रिय कार्यालय, महाराजगञ्ज, काठमाडौं
फोन नं. ०१-४७०५१५९, ४७०५६०८


## दसौं वार्षिक साधारणसभा सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/९/३

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०८०/०९/०२ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम ङादी ग्रुप पावर लि.को दशौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनीहरुका समुपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### सभा हुने मिति, स्थान र समय

**स्थान :** कुण्डलिनी दरबार ब्याङ्क्वेट, चण्डोल, काठमाडौं ।

**मिति :** २०८०/०९/२५ गते बुधबार (तद्नुसार जनवरी १०, २०२४)

**समय :** विहान ९:३० बजे ।

### छलफलका लागि प्रस्तावित विषयहरु :

**(क) सामान्य प्रस्तावहरु :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७९/०८० को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को लेखा परीक्षण प्रतिवेदन, बासलात, नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह बिवरण लगायतका बित्तिय बिवरणहरु छलफल गरि पारित गर्ने ।

(३) आ.व.२०८०/०८१ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

(४) संचालक समितिबाट भए गरेका निर्णय, काम कारबाहीहरु अनुमोदन गर्ने ।

(५) संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

(१) कम्पनी गाभ्ने, गाभिने वा प्राप्ती गर्ने सम्बन्धि बिशेष प्रस्ताव सम्बन्धमा ।

**(ग) विविध**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारणसभा सम्बन्धी थप जानकारी:

१. साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/१२ गते बिहिवारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तिकाबन्द रहने छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको कारोबारबाट कायम भएका शेयरधनीहरुले मात्र कम्पनीको वार्षिक साधारण सभामा भाग लिन सक्नेछन् ।

२. वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

३. शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका बिहान ९:०० बजे देखि खुल्ला रहनेछ ।

४. वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन ।

५. एक जना शेयरधनीले एक भन्दा बढी प्रतिनिधी (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधी (प्रोक्सी) स्वत: बदर हुनेछ । तर प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिसके पछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधीपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधीपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने व्यहोराको छुट्टै पत्र सहित प्रोक्सी फारम कम्पनीको केन्द्रिय कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधी (प्रोक्सी) स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधी (प्रोक्सी) लाई मान्यता दिइनेछ ।

६. प्रतिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वत: बदर हुनेछ ।

७. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ ।

Ngadi Group Power Limited
ngpl
Kathmandu